# धुलिखेल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक
## सडक उपयोग सेवा शुल्क उठाउने सम्बन्धी वोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकासन मिति : २०७६।३।१३

यस नगरपालिकाका विनियोजन ऐन तथा सार्वजनिक खरिद नियमावली २०७५ को दफा १३८ वमोजीम देहाय वमोजीमको सडकमा देहाय वमोजीमका शर्तहरुको अधिनमा रहि पटके रुपमा सडक उपयोग सेवा शुल्क उठाउनु पर्ने भएकोले उक्त सेवा शुल्क संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघटने गरि वोलपत्र फाराम खरिद गरि पेश गर्न सूचना प्रकाशित गरिएको छ । रित नपूगी या म्याद भित्र प्राप्त हुन नआएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्वन्धी विवरण**

| सि.नं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. ०७६।७७ का लागी कायम न्यूनतम अंक | वोलपत्र फाराम दस्तुर | स्वीकृत सेवा शुल्कको दररेट |
|---|---|---|---|---|---|
| १. | १/IR-०७६।७७ | काभ्रेभज्यांग दाप्चा सडक उपयोग सेवा शुल्क | ४,४०,०००।०० | १,०००।- | ट्रक, वस,हेभी ट्रयाक्टर रु ५०।-<br>मिनिवस, मिनि ट्रक, ट्रयाक्टर रु ३०।-<br>कार,जीप,भ्यान,पावरटेलर,टेम्पो रु. २०।- |

१. बोलपत्र फाराम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७४/७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन संलग्न गरी यो सूचना प्रकाशित प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन को कार्यालय समय भित्र धुलिखेल नगरपालिकाको कार्यालय काभ्रेपलाञ्चोकको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ (सोर्हौं)औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दाखीला गर्न सकिनेछ। दाखिला भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. वोलपत्र खरिद गर्ने तथा दाखीला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा उक्त काम हुने छ ।

४. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल शाखामा** रहेको धरौटी हिसाब नं. १०४०३०३००७१०२ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा ९० (नव्वे) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानी-पत्र (**Bank Bid Bond**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५. बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५ प्रतिशत रकम नगदै तथा बांकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै रकमको कार्यसम्पादन जमानीपत्र सहित संझौता गर्न आउनु पर्नेछ

७. ठेकेदारले संझौतामा तोकीएको विषय क्षेत्रमा यस कार्यालयवाट स्वीकृत दर रेटमा मात्र सडक उपयोग सेवा शुल्क असुल गर्न पाउनेछ। सेवा शुल्कको दररेट बोलपत्र फारामसाथ उपलब्ध गराईनेछ ।

८. ठेकेदार र कार्यालय विचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न धुलिखेल नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

९. सेवा शुल्क उठाउने सम्पुर्ण दायीत्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजीम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले बुझाउनु पर्नेछ ।

१०. सवारी सेवा शुल्क उठाउंदा सरकारी तथा अर्ध सरकारी संघ संस्था, दातृ निकाय तथा कुटनैनिक नियोगको सवारी साधनहरु, एम्बुलेन्स र शव वाहनमा सवारी कैर असुल गर्न पाईने छैन ।

११. कुनै किमिको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलीत कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner